# लेखापरीक्षण प्रतिवेदन

## गजुरी गाउँपालिका, धादिङ

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# गजुरी गाउँपालिका, धादिङ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/183

श्रीमान् अध्यक्षज्यू,
गजुरी गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय
धादिङ ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/183

श्रीमान् अध्यक्षज्यू,
गजुरी गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय,

धादिङ।

**विषय :** लेखापरीक्षण प्रतिवेदन।

**१. कैफियत सहितको राय :**

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

**२. कैफियत सहितको राय व्यक्त गर्ने आधार :**

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु. १ अर्ब ३२ करोड ९९ लाख ७० हजारको लेखापरीक्षणबाट रू. ४ करोड १२ लाख ८० हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. २० लाख १७ हजार सम्परीक्षण भई प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ६१ लाख ६६ हजार र नियमित गर्नुपर्ने रु. १ करोड ३० लाख ९७ हजार गरी जम्मा रु. ३ करोड ९२ लाख ६३ हजार बाँकी रहेको छ । गत वर्षसम्म कायम बेरुजू रु. ३० करोड ६८ लाख ७६ हजार बेरुजू मध्ये रु. ४ करोड ४२ लाख ३३ हजार सम्परीक्षणका लागि अनुरोध भएकोमा रु. ८२ लाख ४५ हजार सम्परीक्षण भई बाँकी रु. ३ करोड ५९ लाख ८८ हजार सम्परीक्षणबाट बेरुजु कायम भई यस वर्षको थप रु. २ करोड १६ लाख ४८ हजार समेत हालसम्म अद्यावधिक बेरुजू रु. ३३ करोड ७८ लाख ९४ हजार बाँकी रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा :**

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी :**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिकाअध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी :**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट समपरीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७१ | २७ | ४,१२,८०,१७९ | ० | १८ | २०,१७,०४४ | ० | ७१ | ९ | ३,९२,६३,१३५ | ० | १,३०,९६,८८५ | २,६१,६६,२५० | ० | ० | ३,९२,६३,१३५ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धादिङ | ३०,६८,७६,००० | ० | ४,४२,३२,७१० | २६२६४३२९० | ३५९८७७७७ | ३,९२,६३,१३५ | ३३७८९४२०२ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | २.५ | वित्तीय विवरण परीक्षणः | २६,२४० |
| २ | २०८१/८२ | ४६ | बढी मू.अ.कर भुक्तानीः | २१,२९७ |
| ३ | २०८१/८२ | ५८ | बढी भुक्तानीः | ३३,१२८ |
| ४ | २०८१/८२ | ३० | प्राथमिक तथा नि:शुल्क शिक्षाः | ५,११,३२५ |
| ५ | २०८१/८२ | ३२ | निःशुल्क पाठ्यपुस्तकः | ३३,०१४ |
| ६ | २०८१/८२ | ४९ | तारजाली खरिद : | १२,६५,८६० |
| ७ | २०८१/८२ | ५८ | आन्तरिक लेखापरीक्षणः | १९,८०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८१/८२ | ५७ | अध्ययन विदाः | १,०६,३८० |
| ९ | २०८०/८१ | ५४ | निशुल्क पाठ्यपुस्तक - | १,४९,५१९ |
| १० | २०८०/८१ | ५३ | दिवा खाजा - | ३,०३,६९८ |
| ११ | २०७९/८० | ४९ | भ्रमण खर्च | ७,००० |
| १२ | २०७९/८० | ७० | बढी दरमा बैठक भत्ताः | २,२६,५२५ |
| १३ | २०७९/८० | ५९ | प्रशिक्षण भत्ता बढी दरमा भुक्तानी | ३,५७० |
| १४ | २०७९/८० | २३ | पारीश्रमिक करः | १,५८,९४१ |
| १५ | २०७९/८० | ५१ | पारिश्रमिक कर | ६,०९० |
| १६ | २०७९/८० | ७२ | कार्यालय समयमा बसेको बैठक भत्ता भुक्तानी | ११,४७५ |
| १७ | २०७९/८० | ४० | आन्तरिक लेखापरिक्षणबाट औल्याएका बेरुजु कायम | ५०,००० |
| १८ | २०७९/८० | ५७ | २० प्रतिशत सहभागिता | ७९,५८३ |
| १९ | २०७८/७९ | १७ | कर कट्टी : | ४३,८७० |
| २० | २०७७/७८ | ४२ | रकम असुली | १७,८८० |
| २१ | २०७७/७८ | ३० | दहत्तर बहत्तर | ४,३१,७४,५६० |
| जम्मा | | | | ४,६२,४९,७५४ |

# गजुरी गाउँपालिका, धादिङ

# ( ८०३३०५०३३०० )

# गजुरी गाउँपालिका , धादिङ

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गजुरी गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, १३८ वर्ग किलोमिटर क्षेत्रफल तथा २९००० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।०७।१८ देखि २०८२ ।०७।२२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय र व्ययतर्फ रु. १ अर्ब ३२ करोड ९९ लाख ७० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ६,१०,१६९।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | पारिश्रमिक कर | ३९१६९८ |
| २ | बढी दिवा खाजा निकासा | २१८४७१ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

२.१ **आय व्यय विवरण**

**(क) एकीकृत आय व्यय** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०८१।८२ को समग्र संचित कोषको संक्षिप्त अवस्था देहायबमोजिम पेश गरेको छ ।

| क्र.सं | विवरण | रकम | रकम | क्र.सं | विवरण | रकम |
|---|---|---|---|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी | | ३४९३२७७४ | १ | चालु खर्च | ३८९८११ |
| | क) नगद | | ० | २ | पूँजीगत खर्च | १०९६६१ |
| | ख) बैक | ३४९३२७७४ | ० | ३ | विभिन्नकोषतर्फको खर्च | |
| | ख.१)सञ्चित कोष खाता | २२९६२२४४ | ० | | क) प्रकोपव्यवस्थापन कोष खाता | ६७९७ |
| | ख.२) धरौटीखाता | ८७१७६०६ | ० | | ख) विविधखर्च खाता | ९१६१ |
| | ख.३)प्रकोप व्यवस्थापन कोष खाता | ८१७१९ | ० | | ग) आकस्मिककोष. | ८२७ |
| | ख.४) विविधखर्च खाता | १७३८०४२ | ० | ४ | धरौटीफिर्ता | |
| | ख.५)आकस्मिक कोष. | १४३३१६४ | ० | ५ | अन्तरसरकारीअन्तियारी | |
| २ | राजस्व | ० | १४३४६७४६१ | | क) सामाजिकसुरक्षा | ११६५६४ |
| | क) आन्तरिक राजस्व | १९७४४४०० | ० | | ख)राष्ट्रपति शैक्षिक सुदार कार्यक्रम | ५९९ |
| | ख) राजस्व बाँडफाँड | १२३७२३०६१ | ० | ६ | अनुदानफिर्ता | |
| | ग) अन्य आय | ० | ० | | ससर्त चालुअनुदान संघ | १३७५९ |
| ३ | वित्तिय हस्तान्तरण संघ | ० | ३२९३५६७८३ | | समपुरकअनुदान संघ | ५२ |
| | क) वित्तिय समानीकरण अनुदान | १२६९९५८४० | ० | | प्रदेशसरकार बिशेष अनुदान | ४१८६ |
| | ख) सशर्त अनुदान | १९७४८४६४९ | ० | | प्रदेशसरकार समपुरक अनुदान | ३६८८ |
| | ग) समपूरक अनुदान | ४८७६२९४ | ० | | प्रदेशसरकार ससर्त अनुदान चालु | ७४४ |
| | घ) विशेष अनुदान | ० | ० | ७ | मौज्दात | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | ० | ५६७७२००० | | क) नगद | |
| | क) वित्तिय समानीकरण अनुदान | १४७५६००० | ० | | ख) बैक | ४५५७७ |
| | ख) सशर्त अनुदान | २००१६००० | ० | | ख.१)सञ्चित कोष | ३०६१० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | खाता | |
| | ग) समपुरक अनुदान | १५०००००० | ० | | ख.२) धरौटीखाता | ७७४२ |
| | घ) विशेष अनुदान | ७०००००० | ० | | ख.३)प्रकोप व्यवस्थापन कोष खाता | १८४ |
| ५ | विभिन्नकोषतर्फको आय | ० | २०७५६२५६ | | ख.४) विविधखर्च खाता | ६२६९ |
| | क) प्रकोपव्यवस्थापन कोष खाता | ६९००१०० | ० | | ख-५आकस्मिक कोष | ७६९ |
| | ख) विविधखर्च खाता | १३६९२८६९ | ० | ८ | समायोजनबांकी | |
| | ग) आकस्मिककोष | १६३२८७ | ० | | | |
| ६ | धरौटी खाता | | २८१२९८८ | | | |
| ७ | अन्तरसरकारीअन्तियारी | ० | ११७१६३८८२ | | | |
| | क) सामाजिकसुरक्षा | ११६५६४२१४ | ० | | | |
| | ख)राष्ट्रपति शैक्षिक सुदार कार्यक्रम | ५९९६६८ | ० | | | |
| | जम्मा | | ७०५२६२१४३ | | | |

(ख) **स्थानीय तह सञ्चितकोष व्यवस्थापन प्रणाली:** पालिकाले आर्थिक वर्ष २०८१।८२ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७०, प्राप्ति तथा भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन देहायनुसारको पेश गरेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **अन्तरसरकारी अख्तियारी** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०.१) तयार गर्नुपर्छ । पालिकाले स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्राणालीको अनुसूचि १४ मा अन्तरसरकारी अख्तियारी प्रविष्टी गरेको छैन साथै आर्थिक कारोवारको सारांश कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०.१) मा समावेश भएको देखिदैन ।

| विवरण | बजेट रु. | खर्च रु. |
|---|---|---|
| सामाजिक सुरक्षा तथा संरक्षण | ११७११७८०० | ११६५६४२१४ |
| बिद्यालय क्षेत्र बिकास योजना (केन्द्र | २०९०००० | ० |
| राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ८००००० | ५९९६६८ |
| जम्मा | १२०००७८०० | ११७१६३८८२ |

२.३

**फरक हिसाब :** पालिकाले सुत्रबाट तयार गरेको स्थानीय संचित कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०-१) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्दा उक्त दुई विवरणमा देहायअनुसार फरक परेको देखिन्छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७०-१ (प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन) ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| क्र.सं. | विवरण | गतवर्षको जिम्मेवारी रु. | यसवर्षको प्राप्ति रु. | यसवर्षको भुक्तानी रु. | बैङ्क मौज्दात रु. |
|---|---|---|---|---|---|
| १ | एकीकृत आर्थिक विवरण अनुसार | ३४९३२७७४ | ६७०३२९३६९ | ६५९६४११०७ | ४५५७७४५६ |
| २ | सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०.१) | ३४९६२३०० | ५०७११६६९० | ४९९४७३०५३ | ४५६०२०४६ |
| | फरक | (२९५२६) | १६३२१२६७९ | १६०१६८०५४ | (२४५९०) |

उल्लेखित विवरण अनुसार स्थानीय तह सञ्चितकोष व्यवस्थापन प्रणाली (म.ले.प.फा.नं.२७०) को प्राप्ति तथा भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन र पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणको तुलनात्मक अध्ययन गर्दा सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०.१) अनुसार गत बर्षको जिम्मेवारी रु. ३४९६२३०० रहेकोमा पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार रु. ३४९३२७७४ पेश भई रु. २९५२६ घटी जिम्मेवारी देखिएको साथै सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०.१) अनुसार बैकं मौज्दात रु. ४५६०२०४६ रहेकोमा पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार रु. ४५५७७४५६ पेश भई रु. २४५९० घटी मौज्दात देखिएको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२.४ **घटी जिम्मेवारी सारेको :** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्ति र भुक्तानी तथा मौज्दात रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । गत बर्षको लेखापरीक्षण प्रतिवेदनमा पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार रु. ३५५७५२८३ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ३४९३२७७४ जिम्मेवारी सारेको विवरण पेश गरेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ६४२५०९ घटी जिम्मेवारी देखिएको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

२.५ **बैङ्क हिसाब विवरण :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ । स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) को बैंक तथा नगद बाँकीको प्रतिवेदनमा श्रेस्ता र बैकं अनुसारको बाकी बीच रु. २६२४० फरक परेको सम्बन्धमा यकिन गरी प्रमाण पेश गरेको छ।

| क्र.सं. | खाताकोप्रकार | श्रेस्ताअनुसार बाकी रु | बैंकअनुसार बाकी रु | फरक |
|---|---|---|---|---|
| १ | ग १.१आन्तरिक राजस्व खाता | ० | ० | ० |
| २ | ग १.२बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| ३ | ग १.३आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ४ | ग २.२ चालूखर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ५ | ग २.४पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ६ | ग ३.१स्थानीय तह धरौटी खाता | ७७४२९२९ | ७७४२९२९ | ० |
| ७ | ग ४.१स्थानीय तह सञ्चित कोष खाता | ३०६३७०५६ | ३०६१०८१६ | २६२४० |
| ८ | ग ५.१स्थानीय तह विविध कोष खाता | ६२६९८८२ | ६२६९८८२ | ० |
| ९ | ग ६.१स्थानीय तह विभाज्य कोष खाता | ० | ० | ० |
| १० | ग ७.१स्थानीय तह आकस्मिक कोष खाता | ७६९१०८ | ७६९१०८ | ० |
| ११ | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १८४७२२ | १८४७२२ | ० |
| | जम्मा | ४५६०३६९६ | ४५५७७४५६ | २६२४० |

क. स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ ।

ख. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।

✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२६,२४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाइ विश्वसनिय बनाउन र प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

(क) स्थानीय सरकार सञ्चालन ऐन को २०७४ दफा ११ अनुसार पालिकाले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन नगरेको,

(ख) आर्थिक कार्यविधि ऐन, २०७६ अनुसार पालिकाले एक आर्थिक वर्ष भित्र भएको बजेट तथा शिर्षकको अनुगमन तथा मुल्यांकन गरी भौतिक तथा वित्तिय नतिजाको मुल्यांकन गरी प्रतिवेदन तयार नगरेको,

(ग) पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,

(घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको,

(ङ) कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

(च) सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा २८ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

(छ) दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य नभएको,

(ज) स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने अधिकांश सामानको गुणस्तर परीक्षण नगरेको,

(झ) वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको तथा शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार नगरेको,

(ञ) पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची १४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,

(ट) कुनै रकम भुक्तानी दिदाँ आर्थिक कार्यविधि नियमावली २०७७ अनुसार भुक्तानीको सिलसिलेबार नम्बर राखी भुक्तानी जनाउने छाँप नलगाई भुक्तानी दिएको,

(ठ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार पालिकाले न्यूनतम दररेट तयार गरी अनुमोदन नगराएको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ४ सेवा प्रवाह विवरण :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन नियम, नीति बनाउने, योजना तथा कार्यक्रम तयार गरी कार्यान्वियन गर्ने र सेवा प्रवाह गर्नुपर्ने व्यवस्था छ। कार्य विस्तृतिकरण प्रतिवेदन अनुसारका कार्य गर्न आवश्यक संयन्त्र बनाइ कार्य गर्नुपर्ने व्यवस्था छ । सेवा प्रवाहलाई प्रभावकारी बनाई अभिलेखीकरण समेत गर्नुपर्दछ । कार्यालयले पेश गरेको सेवाप्रवाहको विवरण देहायबमोजिम छ ।

| क्र.सं. | विवरण | एकाई | प्रगतिअवस्था |
|---|---|---|---|
| सिफारिस तथा घटना दर्ता तर्फ | | | |
| १ | नागरिकता सिफारिस | वटा | ६८८ |
| २ | घरबाटो सिफारिस | वटा | १३७ |
| ३ | नाता प्रमाणित | वटा | २४२ |
| ४ | जन्म दर्ता | वटा | ५७० |
| ५ | मृत्यु दर्ता | वटा | १७४ |
| ६ | सम्बन्ध बिच्छेद | वटा | ४० |
| ७ | बसाईसराई | वटा | ३११ |
| ८ | घर नक्सा पास र अभिलेखीकरण | वटा | ३४७ |
| ९ | विवाह दर्ता | वटा | १६७ |
| निर्माण तर्फ | | | |
| १ | कालोपत्रे सडक | कि.मि | ०.४५८ |
| २ | ग्राभेल सडक | कि.मि | ३ |
| ३ | कच्ची सडक | कि.मि | २५ |

सेवाप्रवाहको स्थितिको मूल्यांकन गर्दा यो बर्ष २५ कि.मि कच्चि सडक निर्माण भएको देखिन्छ । सडक पूर्वाधारलाई दिगो र गुणस्तरीय बनाउने कालोपत्रे, ढलानमा बढी केन्द्रीत हुन जरुरी छ ।

५ **कानून र निर्देशिका निर्माण र कार्यान्वयनः**

यसमा निम्न व्यहोरा देखिएका छन् ।

५.१ **कानुन निर्माण र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा पालिकाले हालसम्म १२ ऐन, ६ नियमावली, ३४ कार्यविधि, र अन्य १ नम्स गरी जम्मा ५९ वटा कानुन निर्माण गरी राजपत्रमा प्रकाशन गरी कार्यान्यिवनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानून निर्माण गरि लागु गर्नु पर्दछ ।

५.२ **न्यायिक समितिको कार्यसम्पादन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो बर्ष थप भएको २५ गरी कुल ३० विवाद दर्ता भएकोमा २८ वटा फछ्र्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

६ **बजेट तथा कार्यक्रमः**

यसमा देहायका व्यहोरा देखिएका छन् ।

६.१ **बजेट तथा कार्यक्रम तर्जुमा :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ अनुसार बजेट तयार गर्नु भन्दा पहिले स्रोत अनुगमान तथा वजेट सिमा निर्धारण समिति वनाउने, मध्यकालिन खर्च संरचना तयार गरी स्रोत सुनिश्चित गर्ने, बजेट निर्माण तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने, आगामी बजेट तयार गर्दा साविकको उपलब्धिको विश्लेषण गर्ने, योजना तथा कार्यक्रमको तथ्यांकको आधारमा प्राथमिकीकरण गर्ने, विगत देखिको दायित्व, बजेट, निकासा खर्च र प्रगति विवरण जस्ता विषय ध्यान दिई बजेट निर्माण गर्ने जस्ता पक्षलाई विचार गरी बजेट तर्जुमा गर्नु पर्ने व्यवस्था छ । बजेट निर्माण गर्दा स्थानीय आयोजना बैंकमा रहेका र प्राथमिकताक्रममा माथिल्लो श्रेणीमा रहेका आयोजनामा मात्र बजेट प्रस्ताव गर्नुपर्ने लगायतका व्यवस्था आंशिक मात्र कार्यान्वियन भएका छन । यस्ता व्यवस्थाको पूर्ण कार्यान्वियन गरी बजेटलाई गरिवी निवारण गर्ने, आय आर्जन रोजगारी सिर्जना गर्ने, उत्पादनमुलक क्रियाकलापमा विनियोजन हुनुपर्नेमा छिटो प्रतिफल नदिने र गरिवी निवारण एवं रोजगारी सिर्जना नहुने वितरणमुलक क्रियाकलापमा समेत बजेट विनियोजन भएको अवस्था छ । स्थानीय सरकार संचालन ऐनको पुर्ण कार्यान्वियन गर्नुपर्दछ ।

६.२ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६(७) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने लगायतका कार्यहरु सम्पन्न गरिसक्नुपर्ने व्यवस्था छ । त्यसैगरी आगामी आर्थिक वर्षको बजेट सीमा निर्धारण गरी प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६.३ **बजेट पेश पारित र अख्तियारी :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०८१।३।१० गते रु. ६२ करोड ९० लाख १८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८१।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्चगर्ने अख्तियारी प्रदान गरेको छ ।

७ **त्रैमासिक खर्च :**

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रकम रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथौ त्रैमासिक | आषाढ महिना |
| पुँजगत खर्च | १०९६६१ | २४१२६ | २६६९४ | २९४२० | २९४२१ | १५२६३ |
| चालु खर्च | ३८९८१२ | ९८३१५ | ९४८०० | ७४५८७ | १२२११० | ५१२५७ |
| जम्मा खर्च | ४९९४७३ | १२२४४१ | १२१४९४ | १०४००७ | १५१५३१ | ६६५२० |
| खर्च प्रतिशत | | २४.५१ | २४.३२ | २०.८२ | ३०.३४ | १३.३२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ४९ करोड ९४ लाख ७३ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. १२ करोड २४ लाख ४१ हजार अर्थात २४.५१ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. १२ करोड १४ लाख ९४ हजार अर्थात २४.३२ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. १० करोड ४० लाख ७ हजार अर्थात २०.८२ प्रतिशत र चौथो त्रैमासिकमा रु. १५ करोड १५ लाख २१ हजार अर्थात ३०.३४ प्रतिशत खर्च गरेको देखिएको छ । आषाढ महिनामा मात्र रु. ६ करोड ६५ लाख २० हजार अर्थात १३.३२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुनेगरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

८ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ बमोजिम स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने उल्लेख छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेटरु. | खर्चरु. | खर्चप्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३०३८२००० | १५१६३७६८ | ३.०४ |
| २ | पूर्वाधार विकास | ११६३९०००० | ८३३२८०३९ | १६.६८ |
| ३ | सामाजिक विकास | २९८०१७९९७ | २५०४५३१७७ | ५०.१४ |
| ४ | संस्थागत विकास सेवा प्रवाह र सुशासन | २३४९७५३० | २१६९५०६८ | ४.३४ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १६०७३१००० | १२८८३३००० | २५.७९ |
| | जम्मा | ६२१०९८५०० | ४९९४७३०५३ | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५०.१४ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी ३.०४ प्रतिशत रहेको छ। पूँजी निर्माणतर्फ आयआर्जन, रोजगारी सिर्जना र गरिवीमा कमी ल्याउने कार्यमा बजेट प्राथमिकीकरण गरेको पाइएन । सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

९ **प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापनः**

यसमा देहायका व्यहोरा देखिएका छन् ।

९.१ **तलवि प्रतिवेदन पारित नगरेको :** बागमती प्रदेश, स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था रहेकोमा पालिकाले ४० जना कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी रु. २ करोड १७ लाख ९० हजार तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । यस सम्बन्धमा विगतका लेखापरीक्षण प्रतिवेदनमा समेत औल्याईएकोमा सुधार भएको देखिएन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब, भत्ता, ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

९.२ **दरबन्दी र पदपूर्ति :** बागमती प्रदेश, स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिका र अन्तर्गतका निकायहरुमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रमुख प्रशासकीय अधिकृत सहित ६३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित स्थायी पदपुर्ति ४० र करार पदपुर्ति ३८ गरी कुल ७८ पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन छैठौँ, सब इन्जिनियर लगायतका पद रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता

नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

९.३ **करार कर्मचारी :** बागमती प्रदेश, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६(१) बमोजिम स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई करारमा वा ज्यालादारीमा नियुक्त गर्न नपाइने व्यवस्था छ । पालिकाले विभिन्न पदमा करार सम्झौता गरी यस बर्ष ३८ कर्मचारीहरूलाई रु. १ करोड ५२ लाख १९ हजार खर्च लेखेको छ । पालिकाले दरबन्दी बाहिरका सहायक कम्प्युटर अपरेटर ११ जना, अभिलेख प्रशासक १ जना, न्यायीक सहजकर्ता १ जना, सामाजिक परिचालक १० जना, ना.प्रा.स कृषि १ जना र सहायक चौथो स्वास्थ्य ११ जनाको बार्षिक रु. १ करोड ३१ लाख ८८ हजार खर्च लखेको देखिन्छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत भएको दरबन्दी भन्दा बढी एक वडा एक स्वास्थ्य चौकीको अवधारणा अनुसार स्वास्थ्यकर्मी नियुक्ती गरी रु. ३६८४८०८ खर्च लेखिएको जनाएको छ । साथै अन्य कर्मचारी नियुक्ती गरी रु. ९५०३१९२ खर्च लेखेको सम्बन्धमा पुष्ट्याई तथा औचित्य पालिकाले पेश गरेको छैन । जसले गर्दा प्रशासनिक खर्चमा वृद्धि भएको देखिन्छ । स्वीकृत दरबन्दी बेगर कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९५,०३,१९२ |

९.४ **कर्मचारी प्रोत्साहन भत्ता :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । अर्थ मन्त्रालयबाट प्रकाशित कार्य सञ्चालन निर्देशिका, २०७७ को नियम ७.१.५ मा सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाइ साविकमा प्रदान गरिदै आएको पोशाक खर्च, महँगी भत्ता र स्थानिय भत्ता बाहेकका प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे बापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाना वा खाजा खर्च लगायत कुनै प्रकारको भत्ता प्रदान नगरिने उल्लेख छ । पालिकाले कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधी, २०८० को दफा ८ मा उल्लेख भएबमोजिम प्रत्येक कर्मचारीलाई शुरु तलब स्केलको बढिमा ५० प्रतिशत अतिरिक्त समय काम गरेको प्रोत्साहन वापत रु. १७१८६१३ साथै वडामा कार्यरत सचिवहरुलाई अतिरिक्त भत्ता स्वरुप भौगोलिक अवस्थाको आधारमा प्रति महिना ४००० देखि ६००० सम्म गरी रु. ३३६००० गरी जम्मा रु. २०५४६१३ खर्च लेखेको छ । त्यस्तै पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०७९ मा प्राविधिक कर्मचारिलाई अधिकृत स्तरलाई प्रतिमहिना रु. ११०००, सहायक पाचौँ स्तरलाई प्रतिमहिना रु. ९००० र सहायक चौथौ स्तरलाई प्रतिमहिना रु. ८००० का दरले प्रदान गर्ने व्यवस्था बमोजिम पूर्वाधार शाखा र कृषि तथा भेटनरी शाखाका १४ जना कर्मचारीलाई फिल्ड भत्ता वापत रु. १०१७००० खर्च लेखेको छ । पालिकाले प्रोत्साहन भत्ता उपलब्ध गराउँदा अतिरिक्त समय काम गरेको पुष्टि गर्न विद्युतीय हाजिरी र सूचकसहितको कार्यसम्पादन मूल्याङ्कन गरी भुक्तानी गर्ने व्यवस्था अपनाउनु पर्दछ ।

९.५ **कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष स्थानीय सेवाका कर्मचारीले खाईपाई आएको तलबबाट रकम कट्टा गरी कर्मचारी कल्याण कोषमा रकम जम्मा गरेको छैन । यसले गर्दा पालिकामा नियुक्त भएका कर्मचारीको भविष्यको ठूलो रकमको दायित्वको स्रोत अनिश्चित बनेको छ । स्थानीय सेवाका कर्मचारीको मासिक १० प्रतिशत रकम कट्टा गरि कर्मचारी कल्याण कोषमा दाखिला गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

## १० वित्तीय जोखिम र संस्थागत क्षमता मूल्याङ्कन :

पालिकाले प्रदान गर्ने सेवाको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तीय जोखिम मुल्याङ्कनमा यस पालिकाले आ.व. २०८०।०८१ मा ८४ अङ्क हासिल गरेको छ भने स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनमा आ.व. २०८०।०८१

मा ७८ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो । पालिकाले क्षमता स्वमुल्याङ्कनका क्रममा संगठन तथा प्रशासन, सेवा प्रवाह, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवं आर्थिक व्यवस्थापन, सामाजिक समावेशिकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य र समन्वय लगायतका विषय क्षेत्रमा सुधार गर्नुपर्ने देखिन्छ । साथै जोखिम मुल्याङ्कनको क्रममा पत्ता लागेका योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन, अनुगमन, मुल्याङ्कन तथा लेखापरीक्षण र राजस्व व्यवस्थापन लगायतका विषय क्षेत्रमा भएको जोखिमहरुको अभिलेख राखि नियन्त्रणको लागि कार्य योजना तयार गर्नुपर्दछ ।

११ **अनुदान फिर्ताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ४५(१) मा संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धीत आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको सशर्त, समपूरक र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार यस वर्ष संघ तर्फको रु. १३८१२६३२ र प्रदेश तर्फको रु ८६१८४०६ गरी जम्मा रु. २२४३१०३८ खर्च नभई बाँकी रहेकोमा पालिकाले २०८२।३।२४ मा फिर्ता गरेको छ ।

| स्रोत | अनुदानको प्रकार | आम्दानी | खर्च रकम | बाँकी रकम | निकासा फिर्ता |
|---|---|---|---|---|---|
| नेपाल सरकार | शसर्त अनुदान चालु | १८१९७७७१९ | १६८२१७९३७ | १३७५९७८१ | १३७५९७८१ |
| | शसर्त अनुदान पुँजीगत | १७४७१४९ | १७४७१४९ | ० | ० |
| | समपुरक अनुदान पुँजीगत | ४८७६२९४ | ४८२३४४३ | ५२८५१ | ५२८५१ |
| | **जम्मा** | १८८६०११६२ | १७४७८८५२९ | १३८१२६३२ | १३८१२६३२ |
| बागमती प्रदेश | शसर्त अनुदान पुँजीगत | १३६६०००० | १३६६०००० | ० | ० |
| | विषेश अनुदान पुँजीगत | ७०००००० | २८१३८२२ | ४१८६१७८ | ४१८६१७८ |
| | समपुरक अनुदान पुँजीगत | १५०००००० | ११३११९५१ | ३६८८०४९ | ३६८८०४९ |
| | ससर्त अनुदान चालु | ६३५६००० | ५६११८२१ | ७४४१७९ | ७४४१७९ |
| | **जम्मा** | ४२०१६००० | ३३३९७५९४ | ८६१८४०६ | ८६१८४०६ |
| | कुल जम्मा | २३०६१७१६२ | २०८१८६१२३ | २२४३१०३८ | २२४३१०३८ |

१२ **सहकारी नियमनः**

सहकारी ऐन,, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विस्तृत विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । प्रचलित नियमअनुसार प्रणालीमा विस्तृत विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१३ **खरिद व्यवस्थापन :**

यसमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

१३.१ **बार्षिक खरिद योजना/गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ मा बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले बार्षिक खरिद योजना नबनाई यो बर्ष पुँजीगत प्रकृतिको रु. ३७ करोड ८ लाख १२ हजार खरिद कार्य गरेको देखियो । अतः पालिकाले नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१३.२ **खरिद कारवाही अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको देखियो । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

१३.३ **ठेक्का अभिलेख :** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१४ **ठेक्का प्रतिस्पर्धा:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) मा सार्वजनिक निकायले खरिद कार्यको कुनै वा सबै प्रकियामा विद्युतीय कार्यविधि प्रणाली मात्र अपनाउन सकिने उल्लेख छ । पालिकाले यस वर्ष देहायबमोजिमका योजना विद्युतीय बोलपत्र मार्फत सम्झौता गरी सञ्चालन गरेकोमा लागत अनुमानको तुलनामा न्यूनतम ०.१० प्रतिशत देखि ४७.१० प्रतिशस सम्म घटी कबोल अंकमा ठेक्का सम्झौता भएको देखिन्छ । लागत अनुमानको तुलनामा निकै न्यून लागतमा खरिद कार्य गर्दा निर्माण सामाग्री र निर्माण कार्यमा गुणस्तरीयता समेत कायम गर्ने सम्बन्धमा कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । पालिकाले यस बर्ष बोलपत्र मार्फत सम्पन्न गरेका ठेक्काको अवस्था देहायबमोजिम रहेको छ ।

| क्र.सं. | योजनाकोनाम | निर्माणव्यवसायी | लागतअनुमान रु. | सम्झौतारु. | घटीमासम्झौता (प्रतिशत) |
|---|---|---|---|---|---|
| १ | भनुभक्तमा.वि. भवन निर्माण | Menaka onstruction Pvt. Ltd, Tokha-Kathmandu | ८२८१५७६ | ५२६०५६२ | ३६.४८ |
| २ | लप्सेसाङ्कोष चिउरीभञ्ज्याङ भदौरे पेटारे सडक | NSN Construction Pvt Ltd | २४३५१२०३ | १६७२०४८५ | ३१.३४ |
| ३ | ठुलपोखरीवाल्सिङ सडक वडा नं ३ | SS Engineering Construction , Gajuri-1 Dhading | ७३०७३३३ | ३८६५३५३ | ४७.१० |
| ४ | जरेरिमालटार पुकुन सडक मर्मत | Jaye Sunshine Nirman Sewa, Gajuri-1 | २९१४९३७ | १८८३७२९ | ३५.३८ |
| ५ | पंचकन्याकेराबारी दलित बस्ति सडक स्तरोन्नति | Great kankali nirman sewa and suppliers pvt.ltd | ११६८९०५४ | ७७६८१९५ | ३३.५४ |
| ६ | पिडास्वास्थ्य चौकीमा भवन निर्माण | Jaye Sunshine Nirman Sewa, Gajuri-1 | १९४०८५५ | १४३५८३५ | २६.०२ |
| ७ | ग्यावियनजाली खरीद कार्य | Aditye and Adesh Construction, Gajuri-6 | १४५९०६२ | १४५७५४२ | ०.१० |
| ८ | बन्छेटारमिलनटार सडक स्तरोन्नति | NSN Construction Pvt Ltd | २२८९५३८५ | १७४१७८१८ | २३.९२ |
| | जम्मा | | ८०८३९४०६ | ५५८०९५२० | |

१५ **खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा कार्यालयले खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसँग आवश्यकताअनुसार पोष्ट बिड कन्फ्रेन्स गर्नुपर्नेमा नगरेको, सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका पालना नगराएको, सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताकौ कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण नगराएको, निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य, बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय पक्षको व्यवस्थापन नगरेको र सम्झौता कार्यान्वयनको आवधिक प्रतिवेदन एक तहमाथिको अधिकारी समक्ष पेश गर्ने कार्य प्रभावकारी रूपमा कार्यान्वयन गरेको देखिएन । तसर्थ यस्तो अवस्थामा सुधार हुनुपर्दछ ।

१६ **आर्थिक सहायता :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । आर्थिक सहायता वितरण गर्दा पालिकाले स्पष्ट मापदण्ड र कार्यविधी तर्जुमा गरेर मात्र आर्थिक

सहायता वितरण गर्नु पर्दछ । पालिकाले यस वर्ष विभिन्न शीर्षकबाट दीर्घरोगीहरु, विपन्न, असहाय नागरिकलाई रु. ५००० देखि रु. ३०००० का दरले जम्मा रु.११ लाख आर्थिक सहायता वितरण गरेको छ । पालिकाको आन्तरिक आय रु. १ करोड ९७ लाख १८ हजार रहेकोमा आन्तरिक आयको ५.५८ प्रतिशत आर्थिक सहायता खर्च लेखेको देखिएको यस्तो खर्चमा नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्दछ । आर्थिक सहायता वापत भुक्तानी गरेको रकममको विववरण पालिकाले वेबसाईट मार्फत सार्वजनिकरण गर्नुपर्दछ ।

१७ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको यस वर्षको आन्तरिक आय रु. १ करोड ९७ लाख १८ रहेकोमा विविध खर्च रु. २९ लाख ७८ हजार खर्च गरेको छ, जुन आन्तरिक आयको १५.१० प्रतिशत हुन जान्छ । विविध खर्चको प्रयोजन लगायत औचित्य पुष्टि हुने समय, कार्य निर्णय र अतिरिक्त समय काम गरेको हाजिरी समेत खुलाई विविध खर्च नियन्त्रण गर्न पालिकाले ध्यान दिनुपर्दछ ।

१८ **पदाधिकारी सुविधाः**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३(क) मा गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यले अनुसूची १.क मा उल्लेख भएबमोजिम सुविधा पाउने व्यवस्था भएअनुसार पालिकाले यस वर्ष अनुसूची १ मा उल्लेख भएको पदाधिकारी सुविधा अन्तर्गतका यातायात, टेलिफोन मोबाइल, खाजा, पुस्तक, पत्रपत्रिका, इन्टरनेट, समन्वय भत्ता, खानेपानी बिजुली महशुल, सरसफाइ, मर्मत, अतिथि सत्कार लगायतका शीर्षकमा बार्षिक रु. ५९ लाख ६१ हजार खर्च लेखेको देखिन्छ ।

१९ **सम्पति व्यवस्थापनः**

यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्

१९.१ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा नगरपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु राख्नु पर्दछ ।

१९.२ **सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको प्रयोग :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार सार्वजनिक निकायले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लागू गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकामा आ.व २०८१। ०८२ सम्ममा सबै शाखा र वडाको एकीकृत जिन्सी अभिलेख देखिने गरी पाम्स प्रणाली लागू गरी सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्नेमा सो गरेको पाइएन । खरिद गरेको अधिकांश सामानहरुको खरिद मुल्य नखुलाई जिन्सी दाखिला गरेको तथा जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । पालिका मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुबाट सामाग्री खरिद गरी सो वापत बिल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्री अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको अवस्था छ।यसबाट परेको असर यकिन गरिनु पर्दछ ।

१९.३ **मालसामानको गुणस्तरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम स्पेसिफिकेशन निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

१९.४ **घर जग्गाको लगत :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ वमोजिम सरकारी कार्यलयको नाममा रहेको घर जग्गाको लगत राख्नुपर्ने व्यवस्था छ । पालिकासँग घर जग्गा सम्वन्धि विवरण माग गरिएकोमा विवरण प्राप्त भएन । घर जग्गाको लगत सार्वजनिक सम्पति व्यवस्थापन प्रणालीमा हालसम्म अभिलेखिकरण गरेको देखिदैन । पालिकाको नाममा भएका सवै भवन तथा जग्गाको यकिन गरी पालिकाले आफ्नो मातहत भएका सवै भौतिक सम्पत्ति तथा घर जग्गाको अभिलेख अद्यावधिक गरी प्रणालीमा अनिवार्य प्रविष्ट गर्नुपर्दछ ।

२० **योजना प्राथमिकिकरणः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजनाहरु न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| योजना | रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|---|
| पालिकास्तरीय/ वडा स्तरिय | ५४ | ४५ | ४८ | १४ | १२ | १७३ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा १७३ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र १४७ योजनाहरु अर्थात ८४.९७ प्रतिशत योजनाहरू रहेका छन् । साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

२१ **रकमान्तर:**

स्थानीय सरका संचालन ऐन,२०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णय तथा सभाबबाट अनुमोदन गराई पुँजिगत तथा चालु शिर्षकका विभिन्न ३५ योजना तथा कार्यक्रममा रु. १ करोड ८१ लाख ५० हजार रकमान्तर गरेको छ । उक्त रकम सुरु बजेट रु. ६२ करोड ९० लाख १८ हजारको तुलनामा २.८९ हुन आउँछ । पालिकाले विभिन्न शीर्षक घटाई नयाँ योजना थप तथा पुराना योजनामा समेत रकमान्तर गरेको देखिएकोले कुन शिर्षकवाट कुन शिर्षकमा रकमान्तर भएको हो एकिन भएन । कानुनमा भएको व्यवस्थाको परिपालन गरी रकमान्तर गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।

२२ **खर्चमा मितव्ययिताः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मितव्ययी तवरले गर्नुपर्नेमा पालिकाले निम्नानुसार खर्च लेखेकोमा देखिएका व्यहोरा देहायानुसार छन् ।

२२.१ **अनुगमन तथा भ्रमण खर्च :** भ्रमण खर्च नियमावली २०६४ मा कार्यालयबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष भ्रमण तथा अनुगमन मुल्याङ्कन कार्यमा रु. २० लाख ९५ हजार खर्च गरेको देखिन्छ । भ्रमण प्रतिबेदन संलग्न गरेपनि भ्रमणबाट निर्धारित उद्देश्य प्राप्त भए नभएको साथै खर्च प्रभावकारी भए नभएको यकिन गर्न सकिएन । अधिकांश भ्रमणको उद्देश्य र

स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार समेत देखिएन । तसर्थ तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चलाई उद्देश्यमुलक र मितव्ययी बनाउनु पर्दछ ।

२२.२ **इन्धन खर्च-** कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी गर्नुपर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्दछ । पालिकामा चार पाङ्ग्रे सवारी साधन २ वटा, मोटरसाइकल १९ वटा, एम्बुलेन्स १ वटा, जे.सि.बि १ वटा, दमकल १ वटा र टिपर १ वटा रहेकामा यो बर्ष इन्धन वापत रु. ३७ लाख १३ हजार भुक्तानी गरेको छ । पालिकामा रहेका टिपर, जे.सि.बि, दमकल र तर्फ प्राप्त आम्दानिको विवरण माग गरेकोमा पालिकाले उपलब्ध गराएको छैन भने उक्त सामाग्री विपतको समयमा बाटो मर्मत तर्फ प्रयोग हुने र इन्धन समेत प्रायः विपत कोषबाट खर्च हुने गरेको पालिकाले जानकारी गराएको छ । कार्यालयले सवारी साधनको प्रकृति अनुसार इन्धन न्यूनतम कोटा निर्धारण गरी खर्च मितव्ययि गर्नेतर्फ ध्यान दिनुपर्दछ। महालेखा नियन्त्रक कार्यालयबाट इन्धन खर्च सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्ने भनी निर्देशन गरेकोमा कार्यालयले प्रविष्टी गरेको पाईएन । प्रचलित कानूनी व्यवस्थाको पालना गरी PAMS मार्फत मात्र भुक्तानी गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित र व्यवस्थित गर्नुपर्दछ।

२२.३ **सवारी मर्मत खर्च** - बाग्मती प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । पालिकामा चार पाङ्ग्रे सवारी साधन २ वटा, मोटरसाइकल १९ वटा, एम्बुलेन्स १ वटा, जे.सि.बि १ वटा, दमकल १ वटा र टिपर १ वटा रहेकामा यो वर्ष मर्मत वापत रु. २० लाख ३४ हजार खर्च गरेको देखिन्छ । पालिकाले सवारी साधन मर्मत ईन्धन खपतको व्यहोरा खुल्नेगरी म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्नेमा समय क्रम अनुसारको अभिलेख दुरुस्त हुनेगरी राखेको पाइएन । पालिकाले सावारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । सवै किसिमको मर्मतको अवस्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन । पालिकाले मर्मत खर्च लेख्दा प्रतिस्पर्धात्मक विधिबाट आवश्यक योजना तयार गरी सुचीकृत र प्रतिस्पर्धी सेवा प्रदायकबाट प्रस्ताव माग गरी मितव्ययिता अपनाउनु पर्दछ।

२३ **आयोजना बैंकः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने, विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । योजना बनाउदा आर्थिक विकास र गरिबी निवारण प्रत्यक्ष योगदान पुग्ने, उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गनुपर्नेमा पालिकाले हालसम्म आयोजना बैंक बनाई कार्यान्वयनमा ल्याएको पाइएन । आयोजना वैङ्क स्थापना गरी आयोजनाको छनौट गर्नुपर्ने व्यहोरा गत विगत वर्षको लेखपरीक्षण प्रतिवेदनमा समेत सुझाएकोमा अवस्था यथावत रहेको छ । अत: स्थानीय आयोजना बैंकको अवधारणा कार्यान्वयन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

२४ **फोहोरमैला व्यवस्थापनः**

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ४ मा फोहोरमैला व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुने र दफा १२ मा पालिकाले फोहोरमैला व्यवस्थापन स्थल तोक्नुपर्ने व्यवस्था रहेको छ। पालिकाभित्र मलेखु बजार, गजुरी, आदमघाट, घारेवेशी लागयतका स्थानबाट उत्पादित फोहोरमैलाको व्यवस्थापन दिगो रुपमा व्यवस्थापन हुन नसकेको, पालिकाले फोहोरमैला व्यवस्थापन सम्बन्धी नीतिको तर्जुमा नभएको देखिन्छ । मलेखु बजार फोहोरमैला व्यवस्थापन समितिलाई पालिकाले फोहोरमैला व्यवस्थापनका लागि इन्धनवापत रु. ३२८५०० र कर्मचारी तलब वापत रु. ३९०००० गरी जम्मा ७१८५०० भुक्तानी गरेको देखिन्छ । उक्त बजार

व्यवस्थापन समितिले घरधुरीबाट के-कति शुल्क संकलन गरेको सम्बन्धमा पालिकाले विवरण उपलब्ध नगराएकोले यस समबन्धमा यकिन हुन सकिएन । पालिकाले फोहोरमैला व्यवस्थापन गर्न फोहोरमैलालाई स्रोतमा नै कमी गर्ने, पुनः प्रयोग गर्ने र पुनः चक्रिय प्रणालीको अवलम्बन गर्न नागरिक जनचेतना अभिवृद्धि गरी दिगो रुपमा फोहोरमैला व्यवस्थापन गर्न स्यानिटरी ल्याण्डफिल साइट निर्माण गर्ने, वैज्ञानिकरुपमा प्रशोधन कार्य गर्नेलगायत फोहरमैलाको वर्गीकरण गरी फोहरमैलाको उचित व्यवस्थापनमार्फत् पालिकाको पर्यावरणलाई स्वच्छ राख्न स्थायी ल्याण्डफिल्ड साइटको निर्माण गरी फोहोरमैला व्यवस्थापनलाई थप प्रभावकारी वनाउनु पर्दछ ।

२५ **फरक शिर्षकः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२क) मा खर्च गर्ने अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धीत खर्च शिर्षकमा परेको यकिन गरेर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न शिर्षकमा विनियोजन गरेभन्दा फरक शिर्षक वा प्रयोजनका लागि खर्च गरेको छ । देहाय बमोजिमका फरक प्रयोजनका लागि भएको नियमित नदेखिएको रु.

| भौ.नं. | विनियोजनभएको शीर्षक | खर्चभएको शीर्षक | भुक्तानीपाउने | भुक्तानीरु. |
|---|---|---|---|---|
| १७१३। २०८२।३। २४ | बिपत प्रभावित निजी आवास प्रवलिकरण पुनर्निमाण था पुनर्स्थापनाअनुदान | प्रगतिटोल मर्मत सुधार कार्यक्रम | एस एस इन्जिनियरिङ्ग कन्सट्रक्सन | १३६४६१ |
| १७१८। २०८२।३। २४ | छात्रावास भवन घेरावार | विविध खर्च | निशा खाजा एण्ड सप्लायर्स र राम कार श्रेष्ठ | ५०५७५ |
| ३०४। २०८२।३। ४ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | मेशिनरी औजार | | ११६२४५ |
| ३७५। २०८२।३। २२ | किसान सूचिकरण, नयाँ तरकारी पकेट, आयुर्वेद सेवा कार्यक्रम | विविध तथा अतिथि सत्कार | | ११५५५२ |
| १५०। २०८१।६। १७ | पानी तथा विजुली | विवीध खर्च | | ९९०१४ |
| ३२८। २०८१।८। १२ | बाइक खरिद | विवीध खर्च | | १२५५८० |
| ४३२। २०८१।९। १६ | विपत व्यवस्थापन कोष | विवीध खर्च | | १४१४९० |
| ६१४। २०८१। १०।१४ | पानी तथा विजुली | विवीध खर्च | | ७९४९० |
| ६५४। २०८१। ११।२ | पानी तथा विजुली | विवीध खर्च | | ५७४२९ |
| जम्मा | | | | ९२१८३६ |

| | |
|---|---|
| अनियमित भएको | ९,२१,८३६ |

२६ **सवारी साधन नविकरणमा जरिवानाः**

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २४ मा आफुले सम्पादन गर्ने काम निर्धारित समयमा नै सम्पादन गर्न आफैले पहल गर्ने उत्तरदायित्त्व जिम्मेवार पदाधिकारको हुने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ र नियमावली २०७७ को नियम ३९(११) बमोजिम सरकारी कारोवार गर्दा उचित गुणस्तर मितव्ययि तथा हानी नोक्सानी नहुने प्रबन्ध मिलाउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.नं. १०२२।२०८२।२।१ बाट सवारी साधन नविकरणमा

जरिवाना वापत रु. २४८१२८ भुक्तानी गरेको छ। अतः पालिकाले सवारीसाधनको नविकरण अतिरिक्त शुल्क नतिर्ने गरी समयमा गर्नुपर्दछ।

२७ **बढी भुक्तानीः**

२७.१ **बढी भुक्तानी** -

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१४,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२७.२ **बढी भुक्तानी** -

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१८,९२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२८ **अध्ययन अवलोकन खर्चः**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७३ (६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउंनु पर्ने उल्लेख छ । पालिकाबाट देहायका कार्यक्रममा अध्ययन अवलोकन वापत विभिन्न स्थानमा भ्रमण गरी खर्च लेखेको पाईन्छ । अधिकांश अध्ययन अवलोकन भ्रमणमा भ्रमण प्रतिबेदन संलग्न गरेको देखिएन साथै केहीमा प्रतिवेदन संलग्न गरेपनि उक्त प्रतिवेदन यथार्थपरक रहेको विश्वस्त हुन सक्ने अवस्था देखिएन साथै भ्रमणको उद्धेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार समेत देखिएन । अध्ययन अवलोकनबाट प्राप्त सिकाइ तथा उपलब्धिको प्रभावकारिता सम्बन्धमा विश्लेषण समेत भएको देखिएन साथै खर्च गर्दा सरकारी नर्म्स समेत पालना भएको नदेखिएकोले कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने पदाधिकारीले यस्तो खर्च गर्दा उपयुक्तता र मितव्ययिता हुने तर्फ ध्यान दिनुपर्दछ ।

| भौ.नं. | योजना | भुक्तानीपाउने | भुक्तानीरु | भ्रमणस्थल |
|---|---|---|---|---|
| ३३।२०८१।८।१० | सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका अवलोकन भ्रमण | सुन्दर कुमार श्रेष्ठ | ४००००० | बाग्लुङ्मुस्ताङ्ग |
| १६८८।२०८२।३।२३ | असल अभ्यास आदान प्रदान कार्यक्रम | बिनम आले मगर | २००००० | चितवननवलपरासी कास्की गोरखा |
| १६८९।२०८२।३।२३ | असल अभ्यास कार्यक्रम | ज्ञान बहादुर खत्री | १५१००० | काठमाडौं |
| ८९८।२०८२।१।८ | असल अभ्यासआदान प्रदान कार्यक्रम | बिवेकनेपाल | १६४००० | वनभोज |
| ९०१।२०८२।१।८ | जेष्ठनागरिक तीर्थ यात्रा भ्रमण | सरस्वतीसिलवाल | ५१५२३० | पोखरागुल्मी लगायतका स्थान |

२९ **अन्य निकायको खर्चः**

स्थानीय सरकार सन्चालन ऐन २०७४ दफा ११ अनुसार गाउँपालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था गरी पालिकाले आफ्नो अधिकार क्षेत्रमा मात्र कार्य गर्नुपर्ने व्यवस्था छ । नमुनाको रुपमा परिक्षण गर्दा पालिकाले आफ्नो क्षेत्र भन्दा बाहिर गई देहायका

कार्यालयलाई रु.२१५४०६ भुक्तानी गरेको देखियो ।यसरी आफ्नो कार्य क्षेत्र भन्दा बाहिरका निकायको लागि खर्च गरेको नियम सम्मत नभएको रु.

| भौचर मिति | कार्यालयको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १५६।२०८१।६।१८ | इलाका प्रहरी कार्यालय गजुरी | एसि जडान | १३९१३१ |
| २६०।२०८१।७।२६ | शिवदल गण गजुरी | ढुङ्गा खरिद | ७६२७५ |
| जम्मा | | | २१५४०६ |

| | |
|---|---|
| अनियमित भएको | २,१५,४०६ |

३० **प्राथमिक तथा निःशुल्क शिक्षाः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **५११,३२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३१ **शैक्षिक उत्थान कोष अनुदान :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले गो.भौ.नं. २०७।२०८२।१।१० बाट बेनीघाट रोराङ् गाउँपालिका शिक्षाका लागी भिक्षा अभियान सहयोग अनुदानवापत शैक्षिक उत्थान कोषलाई रु. १६००००० भुक्तानी भएकोमा पालिकाबाट निकासा गरेको अनुदान समेत समावेश गरी संस्थाले वित्तीय वितरण तयार गरे नगरेको एकिन हुन नसकेकोले सोको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,००,००० |

३२ **निःशुल्क पाठ्यपुस्तकः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **३,४५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६,७०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१,८५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६,२१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१०,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **४,२५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३३ **अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यक्रमः**

पालिकाले यस बर्ष अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी प्रचारप्रसार, विद्यालय बाहिर रहेकाको लगत संकलन, शिक्षण सामग्री तथा कक्षाकोठा व्यवस्थापन, मन्टेश्वरी तालिम, घोषणा कार्यक्रम लगायतका कार्यक्रमहरुको लागि रु. २५ लाखको कार्ययोजना तयार गरी यस बर्ष रु. २५००००० खर्च गरेको देखिन्छ । अनिवार्य तथा नि:शुल्क शिक्षा घोषणा अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा १३ मा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागी नियमित अनुगमन, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्य गर्ने गराउने व्यवस्था रहेकोमा अनुगमन गरी प्रतिवेदन पेश गरेको नदेखिएकोले पालिकाले कार्यविधि बमोजिम सबै बालबालिकाको अनिवार्य तथा निशुल्क शिक्षाको सुनिश्चितता गर्न नियमित अनुगमन गर्नुपर्दछ ।

३४ **स्यानिटरी प्याड खरिद, भण्डारण तथा वितरण**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरुले छात्राहरुको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सुचना प्रणालीको तथ्यांकसंग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि श्री गिताश्विनी प्रोमेड प्रा.लि बाट ८२५५ प्याकेट स्यानिटरी प्याड भ्याट बाहेक प्रति प्याकेट रु.१०६.२० का दरले खरिद गरी भौ.नं. ७२।२०८१।८।९ बाट रु. ९९०६४९ भुक्तानी गरेको देखिन्छ । पालिकाले गत वर्षको मौज्दातको अवस्था एकिन नगरी चालु वर्षमा समेत खरिद गरेकोमा खरिद गरेको प्याड विद्यालयलाई भरपाई गराएर वितरण गरेको देखिएता पनि उक्त प्याड सबै यस आर्थिक वर्षमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गरेको देखिएन ।सम्बन्धित विद्यार्थीले कार्यविधि बमोजिम प्रयोग गरे नगरेको सम्बन्धमा पालिकाले अनुगमन गरी प्रयोगको अवस्था सुनिश्चित हुनुपर्ने देखिन्छ ।

३५ **क्याम्पस अनुदानः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१(२) अनुसार एकमुष्ठ रकम भुक्तानी नगरी शिर्षकगत रुपमा खुलाउनुपर्ने व्यवस्था छ। त्यसैगरी आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा प्रमाण, कागजात, बिल भरपाईको आधारमा मात्रै सार्वजनिक खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले आदर्श बहुमुखी क्यामपस संचालन तथा व्यवस्थापन अनुदान प्रदान गरेकोमा क्याम्पसले खर्च गर्न मिल्ने र गर्न नमिल्ने शिर्षकका आधारमा सम्झौता नगरी एकमुष्ट रु. १४ लाख उपलब्ध गराएको छ । यसरी प्रदान गरेको अनुदान सदुपयोग गरी कुन क्षेत्रमा कहाँ खर्च गरेको यकिन विवरण पेश नगरेकोले उक्त अनुदान रु. १४००००० खर्च गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,००,००० |

३६ **सामाजिक सुरक्षाः**

सामाजिक सुरक्षा सञ्चचालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ अनुसार गरिनु पर्दछ । पालिकाले सामाजिक सुरक्षा अन्तर्गत यस वर्ष रु. ११ करोड ६४ लाख ६५ हजार खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

३६.१ **एम.आइ.एस प्रणालिमा प्रतिवेदनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

३६.२ **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया भत्ताको दर प्राप्त हुने बैंक लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था गैरसरकारी संस्था सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ र त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने स्थानिय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लेखत कार्यहरु भएको पाइएन ।

३६.३ **भत्ता वितरणको अनुगमनः** सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण प्रकृयाको अनुगमन मुल्यांकन गरी पृष्ठपोषण लिएको अभिलेख राखेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

## ३७ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्यधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हासिल गर्ने गरी कार्यान्वयन भएको पाइएन ।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका देहायबमोजिमका ८ योजनाहरुमा सञ्चालन गरी रु. ५५ लाख ९ हजार खर्च भएको पाईयो । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृर्जना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

| क्र.सं. | आयोजनाको नाम | वडा नं | विनियोजित बजेट | खर्च | कामदार संख्या | रोजगार दिन |
|---|---|---|---|---|---|---|
| १ | उज्यालोगाउ भदौरे ,प्राविधिक शिक्षालय बाटो सरसफाई | १ | ४५२००० | ४५२८०० | ६ | १०० |
| २ | ताल्ती,बास्टार धारापानी स्कुल सरसफाई | २ | ३४४००० | ३४४००० | ५ | १०० |
| ३ | महेन्द्रोदय स्कुल,ज्यामिरे कुलो निर्माण | ३ | ४३५००० | ४३५००० | ५ | १०० |
| ४ | घट्टेकुलो,देविथान कुलो निर्माण | ४ | ४२४००० | ४२४००० | ५ | १०० |
| ५ | ओख्लेपानी राईगाउ गोरेटोबाटो निर्माण | ५ | १०६३२० | १०६३२० | १४ | १०० |
| ६ | सन्तानेश्वर आवि सरसफाई तथा ढलान | ६ | ११३२००० | ११३२००० | १५ | १०० |
| ७ | देउराली चौतारो निर्माण | ७ | ८३५४६० | ८३५४६० | ८ | १०० |
| ८ | बेल्खि खोलाको झोलुङ्गेपुल जाने गोरेटो बाटो | ८ | ८२२६०० | ८२२६०० | १० | १०० |
| जम्मा | | | ५५०९०६० | ५५०९०६० | | |

(क) प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका२०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमाकार्यान्वयनअनुगमन र मुल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरि अनुगमन मुल्यांकन गरी पृष्ठपोषण प्रदान गरेको पाइएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ।

(ख) निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विशेष व्यवस्था गरेकोदफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित पालिका तथा नगरकार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राही समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाइ कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वयन गरेको छैन । यसमा सुधार हुनुपर्दछ ।

३८ **नदीजन्य पदार्थको आय ठेक्काः**

नदीजन्य पदार्थ उत्खनन र उपयोग सम्बन्धमा वागमति प्रदेश सरकारबाट जारी गरिएको नदीजन्य पदार्थ उत्खनन तथा उपयोग सम्बन्धी कार्यविधि २०७५ र ढुङ्गा गिट्टी वालुवा विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ र गजुरी गाउँपालिकाले तयार गरेको कार्यविधि र आम ठेक्काको वोलपत्र सम्बन्धी सूचना मिति २०८१।२।९ मा विद्युतीय प्रकृयाबाट जारी गरेकोमा मूल्य अभिबृद्धि कर वाहेक ३ करोड ७३ लाख ३५ हजार ७१६ मा न्यूनतम ठेक्का लागत कायम गरेकोमा मूल्य अभिबृद्धि कर वाहेक सबैभन्दा अधिकतम वोलकबोल गर्ने आदित्य एण्ड आदेश कन्सट्रक्सन प्रा.लि सँग मूल्य अभिबृद्धि कर बाहेक रु. ४ करोड १४ लाख १४ हजार ४१४ मा सम्झौता गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार रहेको छ।

३८.१ आदित्य एण्ड आदेश कन्सट्रक्सन प्रा.लि ले गाउँपालिकालाई बुझाउनुपर्ने रु. ४१४१८४१४ मध्ये रु. १८७१९३१९ मात्रै बुझाएकोमा रु. २२६९५०९७ मूल्य अभिबृद्धि कर बाहेक पालिकाले प्राप्त गर्न बाँकी रहेकोले उक्त रकम असुल उपर गरि दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२६,९५,०९७ |

३८.२ प्रभु बैङ्क लिमिटेड धादिङ्गवेसी शाखामा कायम रहेको शाखा कार्यालयमा बैङ्क ग्यारेण्टी रकम जारी भएकोमा मिति २०८२।३।३० मा म्याद गुज्रिएकोले रु. २०८०७८९७ को बैङ्क ग्यारेण्टी थप गरी प्रमाण पेश हुनुपर्दछ ।

३९ **राजस्व व्यवस्थापनः**

यसमा निम्न व्यहोरा देखिएका छन् ।

३९.१ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | प्राप्तिकोश्रोत | वार्षिकअनुमानित आय | आम्दानी |
|---|---|---|---|
| १ | ११३१३ -सम्पती कर | ६०००००० | ३३२७१४ |
| २ | ११३१४ -भुमिकर/ मालपोत | १७३९५२४७ | ११८४३४२३ |
| ३ | ११३१७ -वहाल कर | ९०००००० | २४३२७१६ |
| ४ | ११४५१ -सवारी साधन कर (साना सवारी) | ० | २७३१६ |
| ५ | ११६११ -व्यवसायले भुक्तानी गर्ने | ० | ५८२५४० |
| ६ | ११६९१ -अन्य कर | ७०००००० | ३०४४२६ |
| ७ | १४२१९ -अन्य सेवा शुल्क तथा बिक्री | ६५००००० | ५२३०० |
| ८ | १४२२१ -न्यायिक दस्तूर | ० | १२३० |
| ९ | १४२२३ -शिक्षा क्षेत्रको आम्दानी | ० | १२६०० |
| १० | १४२२४ -परीक्षा शुल्क | ० | ७००० |
| ११ | १४२२९ -अन्य प्रशासनिक सेवा शुल्क | ० | १६७६७३ |
| १२ | १४२४२ -नक्सापास दस्तुर | ० | ६४६८०५ |
| १३ | १४२४३ -सिफारिश दस्तुर | ० | १७९०४७० |
| १४ | १४२४४ -व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ३२२५०० |
| १५ | १४२४५ -नाता प्रमाणित दस्तुर | ० | ६४००० |
| १६ | १४२४९ -अन्य दस्तुर | ० | ४९४०१४ |
| १७ | १४२५३ -व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | ५८०९०५ |
| १८ | १४३१२ -प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | २०५०० |
| १९ | १४५२९ -अन्य राजस्व | ० | १२२५३ |
| २० | १४६११ -व्यवसाय कर | ४५००००० | ५०० |
| २१ | ३२१२१ -नगद | ० | २२२७५ |
| | | ५०३९५२४७ | १९७१८१५९ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।साथै पालिकाको असुल गर्नु पर्ने राजस्व बक्यौताको अभिलेख लगत अद्यावधिक राखेको पाइएन । ठेक्का संझौताको शर्तबमोजिम बाँकी रकम समयमानै असुल नगर्नाले आन्तरिक आय प्रभावकारी हुन सकेको छैन ।

३९.२ **राजस्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाई कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म.ले.प फारम नं. २१२ राजस्व

आम्दानीको दैनिक गोश्वरा खाता र म.ले.प फा नं २१३ को राजश्व अम्दानि, बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन । नियमानुसार खाता तयार गरी राजस्व श्रेस्ता तयार गर्नुपर्दछ ।

३९.३ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ अनुमानित रु. ५ करोड ३ लाख ९५ हजार हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।०८२ मा रु १ करोड ९७ लाख १८ हजार प्राप्त गरेको देखिएकोले पालिकाले आयको प्रक्षेपण वस्तुपरक र प्रभावकारी गरेको देखिएन । आम्दानीका स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आयआर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । बहाल कर, मनोरञ्जन कर तथा व्यवसाय कर सम्बन्धमा निम्नानुसार देखिन्छ ।

**(क) व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष व्यवसाय कर रु. ४५ लाख अनुमान गरेकोमा रु. ५ लाख ८३ हजार संकलन गरेको देखिन्छ । पालिकाले गत विगतवर्षहरु तथा यो आर्थिक बर्षमा व्यवसाय कर तिर्नुपर्ने वक्यौता रकमका सम्वन्धमा यकिन गरेको देखिएन । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरु कर तिर्न आएका वखत मात्र सुचिकृत गर्ने गरेकोले वास्तविक व्यवसायी यकिन गरी अभिलेख अध्यावधिक नभएकाले पालिकाले अनुमान गरेको र संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था देखिएन । पालिकाले व्यवसायकर वक्यौताको यकिन गर्ने अभिलेख लाई व्यवस्थित गरी सम्पुर्ण वक्यौता रकम प्रचलित कानून वमोजिम जरिवाना समेत लिई असुल गर्नुपर्दछ ।

**(ख) मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन प्रदर्शन स्थल ,ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१।०८२ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको पाइएन । पालिकाको आफ्नो क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

**(ग) घर जग्गा बहाल कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पुरै वा आंशिक रूपमा बहालमा दिएमा बहालमा लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष वहाल कर रु. ९० लाख अनुमान गरेकोमा रु. २४ लाख ३३ हजार संकलन गरेको देखिएकोले पालिकाको आयको प्रक्षेपण वस्तुपरक रहेको देखिएन । पालिकाले वहाल कर तिर्ने करदाताको अभिलेख तयार गरी सवै करदाताले वहाल कर तिरे नतिरेको यकिन गरेको छैन । वहाल कर तिर्न आएका वखत मात्र कर असुली गर्ने परिपाटि भएकाले पालिकाले बहाल कर सम्बन्धमा घर सर्वेक्षण गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरामा ल्याई आन्तरिक आय वृद्धि गर्ने गराउने तर्फ ध्यान दिनु पर्दछ

३९.४ **राजश्व दाखिलामा जरीवाना** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा ७६ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । वडाले राजश्व वापत संकलन गरेको रु. ५२ लाख १६ लाख रहेकोले अधिकांश वडाले हरेक महिनाको अन्त्यमा दाखिला गरेको देखियो । यस सम्बन्धमा पालिकाले वडामा न्यून राजस्व संकलन हुने र बैकंको पहुँचबाट टाढा रहेकोले सोही दिन दाखिला गर्न कठिनाई हुने जनाएको छ । पालिकाले समयमा दाखिला नगर्नेलाइ कानून अनुसार जिम्मेवार बनाउनु पर्दछ ।

३९.५

**आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा संघ र प्रदेश सरकारबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| संघ र प्रदेश सरकारबाट प्राप्त रकम | आन्तरिक आय रु | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३८६१२८७८३ | १९७१८१५९ | १.१२ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.१२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४० **निर्माण व्यवसायी मार्फत कार्य गराएको :**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । सोहि नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग मार्फत काम गराई कार्यालयबाट भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीहरुको जे.सि.वि र इन्धनको बिल राखी भुक्तानी लिने गरेको देखियो । नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायी र इन्धनको बिल राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिसँग केवल प्रक्रिया पुर्‍याउने प्रयोजनको लागि सम्झौता गरी खर्च लेखेको रु. २५८८४३४ नियमित नदेखिएको रु.

| . | योजना | सम्झौता रु. | कार्यसम्पन्न रु. | उ.स. लाई भुक्तानी रु. | निर्माण व्यवसयी | इन्धन र मेसिनको बिल रु |
|---|---|---|---|---|---|---|
| ३०६।२०८२।३।१२ | गल्छी रिषिटार भोर्ले सडक | १८६४८३ | १८६९१० | १४५५०० | एम एल कन्सट्रक्सन प्रा.लि | १८६९९७ |
| २०४।२०८२।१।१० | आँपखोला भोर्ले झ्याङ्ग सठक | १८४२६४ | १८४३०९ | १४५५०० | जय सनसाईन निर्माण सेवा प्रा.लि | १७५३१५ |
| २२०।२०८२।१।२३ | भारखोला पानीघाट सडक निर्माण | १२३२३५ | १०६०२२ | ८३४५१ | एस बालुवा प्रशोधन उद्योग | १०१०८० |
| २७८।२०८२।२।३० | वालसिंङ् खोलाघाटी सडक | ३६४८४५ | ३६५९३५ | २९१००० | एस एस इन्जिनियरिङ्ग कन्स्ट्रक्सन | ३७४४३७ |
| ८९६।२०८२।१।८ | दलित बस्ति गुरास थुम्की रातमाटे सडक | ३६८८२० | ३६९७१० | २९१००० | एस एस इन्जिनियरिङ्ग कन्स्ट्रक्सन | ३४७३२८ |
| जम्मा | | १२२७६४७ | १२१२८८६ | ९५६४५१ | | ९३४९८५ |

| अनियमित भएको | ९,५६,४५१ |
|---|---|

४१ **घटीमा कार्यसम्पन्नः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न गरेको निर्माण कार्य स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने र निर्माण कार्यको हकमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगति भएको हुनुपर्ने उल्लेख छ । पालिकाले देहाय

अनुसारका उपभोक्ता समितिसंग सम्झौता गरेकोमा सम्झौता भन्दा उल्लेख्य घटीमा निर्माण कार्य गरेको अवस्थामा समेत कार्यसम्पन्न तयार गरेको देखिएकोले यस सम्बन्धमा कार्यसम्पन्न तयार गर्ने तथा समयमा काम सम्पन्न नगर्ने उपभोक्ता समितिलाई जिम्मेवार बनाउनुपर्दछ । साथै पालिकाले प्रथम वा दोश्रो त्रैमासिक मै सम्झौता गरी समयमा नै सम्झौता अनुसार कार्य पूरा गराएर मात्र कार्यसम्पन्न तयार गरी भुक्तानी दिनुपर्दछ । केही उदाहरण देहाय अनुसार रहेका छन् ।

| क्र.सं. | उपभोक्ता समिति | लागत अनुमान रु. | कार्यसम्पन्न रु. | भुक्तानी रु. | कार्यसम्पन्न प्रतिशत |
|---|---|---|---|---|---|
| १ | मानेभञ्ज्याङ ढोडेनी छोडपानी सडक वडा नं ५ उ.स. | २३३१३३ | १८९१७० | १५७४१७ | ८१.१४ |
| २ | आँपचौर भल कटान कंकालिनी मगरगाँउ उ.स. | ११६१०० | ५९५९८ | ४९७९३ | ५१.३३ |
| ३ | सिंचाई कुलो उ.स. | ४५७१७६ | ३९६०७१ | ३३६१४१ | ८६.६३ |
| ४ | भारखोला पानीघाट सडक निर्माण उ.स. | १२३२३६ | १०६०२३ | ८३४५१ | ८६.०३ |
| ५ | इन्द्रकन्या मन्दिर निर्माण अर्चले खलिङडाँडा उ.स. | १०८०२३ | ६८४४५ | ६१४६१ | ६३.३६ |
| ६ | दर्शनि भल नियन्त्रण उ.स. | ५८२९५ | ४२३४२ | ३२५४७ | ७२.६३ |
| ७ | पुरानोगाउँ सेप्लेपाखा सडक उ.स. | ३५२००६ | २२३१३१ | १८३४४६ | ६३.३९ |
| ८ | कटुवा ढाँडखोला सिंचाई उस उ.स. | ५४५०५ | ४६९९७ | ४१८२० | ८६.२३ |
| ९ | मण्डली भवन घेरावार उ.स. | २२९९२१ | १५७३९४ | १३२८०४ | ६८.४६ |
| १० | खलन्डाँडा ठुलोचौर ग्रामीण सडक निर्माण उ.स. | २६८६३६ | २२५८६४ | १७९४२३ | ८४.०८ |
| ११ | चालिसे चनौटे सयमुरे सिँचाईकुलो निर्माण उ.स. | १२१४०९ | ९४९६१ | ७५८६९ | ७८.२२ |
| १२ | कृषि उपज संकलन केन्द्र स्थापना उ.स. | १२०९९२८ | ९२३३३३ | ७३८६६६ | ७६.३१ |
| १३ | किरान्चोक कटुञ्जे मा.वि को विद्यालय खानेपानी व्यवस्थापन उ.स. | ३५६०५० | २८९५२८ | २३६६३२ | ८१.३२ |
| | जम्मा | ३६८८४१७ | २८२२८५७ | २३०९४६९ | |

४२ **सामुदायिक भवन निर्माणः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ३ मा सार्वजनिक निकाय र लाभग्राही समुहले निर्माण स्थलको भ्रमण गरी खरिद सम्झौता गर्नुपर्ने उल्लेख छ ।त्यस्तै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ मा कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिसंग भवन तथा अन्य भौतिक संरचनाहरु निर्माणको लागि सम्झौता गर्दा संरचना निर्माण हुने निर्माण स्थलको जगाको स्वामित्व सरकारी तथा सार्वजनिक भएको सम्बन्धमा यकिन गरेको देखिएन । देहायबमोजिमका भवन निर्माण स्थलको स्वामित्व सम्बन्धमा कागजात माग गर्दा प्रमाण पेश भएन । पालिकाबाट नक्सा पारित नगरी भवन निर्माण हुँदा ऐनमा भएको व्यवस्थाको कार्यान्वियन नहुनुको साथै भवन निर्माण मापदण्ड पुरा गरेर निर्माण भए नभएको सुनिश्चित हुन सकिदैन । नियममा भएको व्यवस्थाको कार्यान्वियन गरी पालिका अन्तर्गत निर्माण हुने भवन

निर्माणको नक्सा पारित गरेर भवन निर्माण कार्य हुनुपर्ने तथा पालिकाले संरचना निर्माण गर्ने स्थलको जग्गा सम्बन्धमा मालपोत तथा नापी कार्यालयसंग समन्वय गरेर मात्र निर्माण कार्यको सम्झौता गरेको गर्नुपर्दछ ।

| क्र.सं. | उपभोक्ता समिति | लागत अनुमान | कार्यसम्पन्न रु. | भुक्तानी रु. |
|---|---|---|---|---|
| १ | गजुरी सामुदायिक विकास समाज भवन वडा नं. १ उ.स. | ६८४८२० | ६८४८३४ | ५८२००० |
| २ | स्यामैडाँडा मन्डली चर्च भवन निर्माण वडा नं ६ उ.स. | १०७९९५४ | १०८०३५६ | ९७०००० |
| ३ | हातेमालो तामाङ समाज भवन उ.स. | २३४४०५ | २४४३०७ | १९४००० |
| ४ | स्वास्थ्य सेवा केन्द्र भवन संरक्षण तल्लो स्याङ्मैडाँडा उ.स. | १७१०३० | १७१०३० | १४५५०० |
| ५ | जैसिटार सामुदायिक भवन उ.स. | २२१२४० | २२१३५३ | १९४००० |
| ६ | नेपाल वेश्लीयन चर्च भवन निर्माण उ.स. | ३३८०५३ | ३३८२११ | २९१००० |
| | जम्मा | २७२९५०२ | २७४००९१ | २३७६५०० |

४३ **बीमा नगरेकोः**

सार्वजनिक खरिद नियमावली,, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक रु २० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन गर्ने खर्च, निर्माण व्यवसायीले निर्माणस्थलमा ल्याएको आफ्नो उपकरण, त्रुटी सच्याउने अवधिको जोखिम, कुनै कर्मचारीलाई चोटपटक लागेमा वा निजको मृत्यू भएमा हुने जोखिमसमेतको बीमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले देहायका निर्माण कार्य उपभोक्ता समिति मार्फत सम्पन्न गरेकोमा बीमा गरेको नदेखिएकोले नियमावली बमोजिम बीमा गरी जोखिम न्यूनीकरण तर्फ ध्यान दिनुपर्दछ ।

| भौ.नं. | योजना | सम्झौता रु. | कार्यसम्पन्न | भुक्तानी रु. |
|---|---|---|---|---|
| ३९।२०८२।३।१७ | वाल्सिङ् बतासे चोलाउने खर्क सडक स्तरोन्नती | २८६८१९२ | २८६९३१० | २४२५००० |
| ३५।२०८२।३।१६ | चालिसे भुमेडाँडा अमिलटार सडक स्तरोन्नती | २९०४९१६ | २९०७३७८ | २४२५००० |
| ४१।२०८२।३।१७ | सहिद शान्तिपार्क निर्माण | २८७७०७९ | २८८४७३६ | २४२५००० |
| ५६।२०८२।३।१८ | सुवेदी गडुवाल बन्छेरटार उपल्लोटर सिचाई | २५८०२०० | २५४१४८१ | २५४१४८१ |
| ३५५।२०८२।३।२३ | किरान्चोक मा.वि आवाशीय विद्यालय व्यवस्थापन | २६८६१७० | ३१६१०३३ | २२३१००० |
| जम्मा | | १३९१६५५७ | १४३६३९३८ | १२०४७४८१ |

४४ **हेभी इक्विपमेण्टको प्रयोगः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोल,र ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको देखिन्छ । नियमावलीमा भएको व्यवस्था विपरित उपभोक्ता समितिबाट हेभी इक्विपमेन्ट प्रयोग गरेको उपयुक्त देखिएन । केही उदाहरणहरु देहायबमोजम छन ।

| भौ.नं. | योजना | सम्झौता रु. | कार्यसम्पन्न रु. | उ.स. लाई भुक्तानी रु. |
|---|---|---|---|---|
| २०४।२०८२।१।१० | आँपखोला भोर्ले झ्याङ्ग सठक | १८४२६४ | १८४३०९ | १४५५०० |
| २२०।२०८२।१।२३ | भारखोला पानीघाट सडक निर्माण | १२३२३५ | १०६०२२ | ८३४५१ |
| २७८।२०८२।२।३० | वालसिंङ् खोलाघाटी सडक | ३६४८४५ | ३६५९३५ | २९१००० |
| ९५।२०८१।।८।२७ | बालुवाडाँडा भुमीढुङ्गा सडक | ३६७५२८ | ३६८४२२ | २९१००० |
| ९७।२०८१।८।२७ | घट्टेखोला घिसिङ्गाउँ हुदै प्याखु सडक | ३०१५३७ | ३०१५३६ | २४२५०० |
| ११७।२०८१।९।२२ | पाखुरे लामाटोल सडक | २३५३१७ | २३६१४२ | १९४००० |
| १२१।२०८१।१०।३ | लाकुती बोझे सडक दायित्व | २४२४७६ | २२५३०६ | १८०२६३ |
| १२३।२०८१।१०।३। | साहुटोल खलेपाखा सडक | १८१७२० | ५७१०२ | ४५७२० |
| १४३।२०८१।१०।२४ | भोर्ले माटाथिल्लो ऋषिटार सडक | १८४१५४ | १८४८२५ | १४५५०० |
| १५६।२०८१।१०।२९ | मायाटार बेलभञ्ज्याङ् सडक | २३०७७२ | २३१३३२ | १९४००० |
| ८९६।२०८२।१।८ | दलित बस्ति गुरास थुम्की रातमाटे सडक | ३६८८२० | ३६९७१० | २९१०००० |
| जम्मा | | २११२३२४ | २६३०६४१ | २१०३९३४ |

४५ **उपभोक्ता समिति तर्फ :**

यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्

४५.१ **उपभोक्ता समिति मार्फत कार्य :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई निर्माण कार्य

सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रममुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र योजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ । लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको विबरण अनुसार संघीय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको उपभोक्ता समितिहरुसंग सम्झौता गरी १७३ योजनाहरुमा यो वर्ष जम्मा रु. ६ करोड ८ लाख ६० हजार बजेट भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सो सँग सम्बन्धित फाइल र श्रेस्ता परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

**(क) अनुगमन समितिः** उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन प्रतिवेदनमा उक्त विषयहरु उल्लेख गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

**(ख) सार्वजनिक परिक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, सामुदायिक भवनहरु बनाउने, मस्जिद मन्दिर निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेकोमा यकिन हुन सकिएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

४५.२ **उपभोक्ता समितिका वील भरपाईहरुः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । उपनियम (७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ११ मा उपभोक्ता समिति वा लाभग्राही समुदायको निर्माण कार्य सम्पन्न पश्चात सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायवाट प्राप्त रकम र जनसहभागिता व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको बिबरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट उपभोक्ता समिति मार्फत संचालित निर्माण कार्यको प्राविधिक विल र खर्च प्रमाणित गर्ने विल बीच सामञ्जस्यता देखिएन । वास्तविक खरिद परिमाण भन्दा घटी/बढि परिमाण देखिएकोले पालिकाले सो सम्बन्धमा यकिन गर्नुपर्दछ ।उपभोक्ता समितिले खरिद गरेको दरभन्दा बढि दर रहेको मू.अ.कर सहितको जिल्ला दररेटको आधारमा मूल्याङ्कन कायम गरी भुक्तानी गर्दा उपभोक्ता समितिलाई निर्माण सामाग्री खरिदमा दिएको मूल्य अभिवृद्धि कर वापतको रकम समेत बढि दरमा मूल्याङ्कन हुँदा उपभोक्ता समितिलाई बीजक मूल्य भन्दा बढी भुक्तानी हुन सक्ने अवस्था छ ।कार्यालयले बिल अनुसारको मूल्यांकन गरी न्यून बिजकीकरणलाई नियन्त्रण गर्न जरुरी देखिन्छ ।

४५.३ **आयोजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदायमार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार उपभोक्ता समितिमार्फत यो बर्ष सडक निर्माण तथा मर्मत, खानेपानी आयोजना, सामुदायिक भवन लगायतका रु. ६ करोड ८ लाख ६० हजारका १७३ योजना उपभोक्ता समितिमार्फत गराएकोमा योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा

भएको व्यवस्थाको कार्यान्वियन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितिलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

४६ **बढी मू.अ.कर भुक्तानीः**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **७,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१३,३९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४७ **उपभोक्ता समितिले गुणस्तर परिक्षण नगराएकोः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परिक्षण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत निर्माण गराएका योजनाहरुको दिगोपनाको लागि गुणस्तर परिक्षणको व्यवस्था हुनु पर्दछ ।पालिकाले यस बर्ष उपभोक्ता समितिमार्फत १७३ योजनाहरुमा यो वर्ष जम्मा रु. ६ करोड ८ लाख ६० हजार खर्च गरेकोमा निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्री, निर्माण कार्यको प्रयोगशाला परिक्षण गर्ने, गराउने गरेको पाइएन । यसले गर्दा निर्माण कार्यमा गुणस्तरयुक्त काम भएको आश्वस्त हुन सक्ने अवस्था देखिदैन । नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षण हुनु पर्दछ ।

४८ **सोलार जडान तथा मर्मतः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले यो वर्ष सोलार मर्मत तथा जडानमा पटक पटक खरिद गरी विभिन्न भौचरबाट रु.१५ लाख खर्च गरेको छ। पालिकाले आर्थिक वर्षको शुरुवात मै एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्नेमा प्याकेज नगरी छुट्टाछुट्टै रुपमा पटक पटक सोझै खरिद गरी रु. १५०००००० भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १५,००,००० |

४९ **तारजाली खरिद :**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१,२६५,८६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५० **मोटरसाइकल खरिदः**

स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनका लागि सवारी साधन खरिद गर्न नमिल्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायितत्व ऐन, २०७६ को दफा २४ मा सरकारी खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुनेगरी मितव्यी तरिकाले गर्नुपर्ने व्यवस्था छ ।

पालिकाले सि.जी मोटर्स प्रा.लि बाट X Pulse 200 4V मोटरसाइकल २ वटा खरीद गरी गो.भौ.नं. १६७९।२०८२।३।२२ बाट रु. ९३९८०० खर्च गरेको देखिन्छ । प्रचलित कानूनी व्यवस्थाको व्यवस्थाको पालना गरी सवारी साधन खरिद गर्दा मितव्ययीता अपनाउनेतर्फ ध्यान दिनुपर्दछ

५१ **सफ्टवेयर एप निर्माणः**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले यस वर्ष कोड फ्युजन टेक्नोलोजिज प्रा. लि. बाट EHMIS Software खरी गरी गो.भौ.नं. १२।२०८१।६।१६ रु. ७४५००० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । कार्यालयको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्वतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले प्रयोग गरेको उल्लेखित प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । सेवा प्रदायक सँस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्नेगरि सम्झौता गरेको देखियो । प्रणाली व्यवस्थापनमा समेत पालिकाको पहुँच हुनेगरी सुधार गर्नु पर्दछ । सफ्टवेयरमा तोकिए अनुसार सेक्युटरी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म.ले.प. फाराम ९०३ मा राख्नुपर्नेमा सो गरेको दखिएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधिका सम्वन्धमा जोखिम आउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ ।

५२ **बन्छेटार मिलनटार सडकः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० अनुसार खरिद सम्झौताको अवधि थप गर्दा निर्माण व्यवसायीले खरिद सम्झौता अनुसार कार्य गर्न नसकि म्याद थप गर्न सकिने र यसरी म्याद थप गर्दा ठेकेदारको ढिलाइको कारणले नभई अन्य मानसिव कारणहरु रहेमा म्याद थप गर्न सकिने व्यवस्था छ। बन्छेटार- मिलनटार सडक स्तरोन्नति गर्न निर्माण व्यवसायी एन.एस.एन कन्सट्रक्सन प्रा.ली सँग १ करोड ७४ लाख १७ हजार ७३७ मा २०८२।३।२० मा सम्पन्न गरिसक्ने गरी सम्झौता गरेकोमा उक्त अवधिमा समपन्न नभै मिति २०८२।९।३० सम्म पहिलो पटक म्याद थप गरेकोमा लेखापरिक्षणको अवधि सम्म पनि उक्त कार्यको वित्तीय प्रगति ५४ प्रतिशत मात्रै रही भौतिक प्रगति सो भन्दा न्यून रहेको छ। म्याद थपको समय गुज्रन लाग्दा समेत निर्माण व्यवसायीले साइटमा कार्य प्रगति गर्न नसकेकोले संशोधित म्याद थपको कार्यतालिका अनुसार समयमा कार्य सम्पादन गराउन जिम्मेवार गराउनु पर्दछ।

५३ **सोझै खरिद मार्फत निर्माण कार्यः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) क मा सार्वजनिक निकायले दश लाख रुँपैया सम्मको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सक्ने र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले एउटै प्याकेज वनाएर गर्नुपर्ने कार्य टुक्र्याएर लागत अनुमानको तलुनामा निकै कम प्रतिशतमा सम्झौता गरि सोझै खरिद गरेको पाइयो । यसरी खरिद ऐन र नियमावलीमा भएको व्यवस्था विपरित विभिन्न निर्माण कार्य प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा पारी खुला कोटेशनको माध्यमवाट पटक पटक खरिद गरेको देखियो । पलिकाले एकै प्रकृतिको कार्य खरिद गर्दा प्याकेजिङ्ग गरी खरिदलाई मितव्ययी र प्रतिस्पर्धी गराउनुपर्दछ ।

| सि. नं. | योजना | निर्माण व्यवसायी | लागत अनुमान रु. | सम्झौता रु. | कार्यसम्पन्न रु. |
|---|---|---|---|---|---|
| १ | आदर स्कुल शौचालय निर्माण | निभा बिल्डर् एण्ड सप्लायर्स | ९९९५०५ | ९८३४४७ | ९६९३७२ |
| २ | त्रिशुली नदी फिसिङ पोइन्ट निर्माण | स्वस्तिक निर्माण सेवा | २४९०७७ | २४५००६ | २४४५९० |
| ३ | गलौदी खेल मैदान निर्माण | निभा बिल्डर् एण्ड सप्लायर्स | ३१००२२ | ३०६७१४ | ३००३६७ |
| ४ | धादिङ बहुप्राविधिक शिक्षालय भु संरक्षण | ग्रेट कलकर्णी निर्माण सेवा एण्ड सप्लायर्स | ५३२१९४ | ५१६१३० | ५१६१३० |
| ५ | प्रगति टोल सडक मर्मत | एस.एस इन्जिनियरिङ्ग कन्सट्रक्सन | ९५५११० | ९४७५७४ | ९३१७८६ |
| ६ | डुडेठाँटी आधारभूत स्वास्थ्य सेवा केन्द्र गेट निर्माण | युविस्का कन्सट्रक्सन एण्ड मल्टिपर्पोज कम्पनी | २४८८०६ | २५२१४७ | २४८८०६ |
| ७ | मलेखु ताल्ती सडक निर्माण कार्य | कमल कन्सट्रक्सन एण्ड सप्लायर्स | ७४१४२० | ७३८०२६ | ७०२७५७ |
| ८ | चौरी खर्क वडा कार्यालय बाटो मर्मत | एस.एस इन्जिनियरिङ्ग कन्सट्रक्सन | २४०१५७ | २३८८४१ | २३८८४१ |
| ९ | सडक सरसफाई ( ward -5) | सन्तानेश्वर कन्सट्रक्सन प्रा.लि | ९७३२४२ | ९६८५६८ | ९२००४२ |
| १० | चारसय फाँट बगैंचा सडक निर्माण वडा नं २ | सिद्धिसम्पन्न कन्सट्रक्सन एण्ड सप्लायर्स | २९१०९८ | २८९३६७ | २८९३६७ |
| ११ | विभिन्न खानेपानी मर्मत ( Ward 4) | जय सनसाइन निर्माण स्वा | ३३६१२ | २७७१४४ | २७७१४४ |
| जम्मा | | | ५५७४२४३ | ५७६२९६४ | ५६३९२०२ |

५४ **परामर्श सेवाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(२) बमोजिम सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नुपर्ने साथै नर्म्सहरुको प्रयोग गर्दा मितव्ययिता कायम गर्नेतर्फ समेत विचार गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई रु. ३१ लाख ९७ हजार भुक्तानी गरेकोमा देखिएका व्यहोराहरु देहायअनुसार रहेका छन्।

| भौ.नं | कार्यकोविवरण | परामर्शदाता | लागत अनुमानरु. | सम्झौता रु. | भुक्तानी रु. |
|---|---|---|---|---|---|
| १३३३। २०८२।३। १२ | त्रिशुली नदिमा मोटरबाटोको समभ्याव्यता अध्ययन | बण्डकन्सल्टेन्ट प्रा.लि | ४९८५५० | ४८०२५० | ४८०२५० |
| १५८४। २०८२।३। १८ | प्रशासकीय भवनको इन्टेनियर डिजाइन | जार्सा इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि | ४९५२५१ | ४८५९०० | ४८५९०० |
| १५८६। २०८२।३। १८ | गाउँपालिकाको आवधिक योजना तयारी | रायमाझी रिसर्च एण्ड कन्सल्टिङ् प्रा.लि | ११०१५७२ | ९९९६८२ | ९९९६८२ |
| जम्मा | | | २०९५३७३ | १९६५८३२ | १९६५८३२ |

(क) परामर्श कार्यका लागि विज्ञको Man Days, Field Work, Field Visit and Discussion जस्ता कार्य सहित पालिका प्रमुखले TIME SHEET प्रमाणित गरी सोही अनुसार कार्य गरे नगरेको एकिन गरी भुक्तानी दिनुपर्नेमा विज्ञहरु तथा अन्य कर्मचारीको TIME Sheet वेगर भुक्तानी गरेको सम्झौता विपरित देखिएकोले सम्झौता अनुसारका सोही विज्ञहरु तथा संलग्न कर्मचारी फिल्डमा कार्य गरेको एकीन गरी मात्र परामर्शदातालाई भुक्तानी दिनुपर्दछ ।

(ख) सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिद गर्नको लागि खरिद योजना तयारी गरी प्रतिष्पर्धि तवरले आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गनुपर्दछ।

(ग) Inspection Report र Draft Report माथि छलफल भई पालिकाको सुझाव बमोजिम अन्तिम प्रतिवेदन तयार गरेको खुल्ने कागजात स्रेस्तासाथ राखेको देखिएन । त्यस तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५५ **कन्टिन्जेन्सी खर्चः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० (७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सिको व्यवस्था गर्न सकिने व्यवस्था भएपनि सो रकम खर्च गर्ने अभिलेख राख्ने एवं प्रतिवेदन गर्ने कार्यविधि तोकिएको छैन । कन्टिन्जेन्सी खर्च विवरण नराखी अव्यवस्थित रुपले खर्च गरेकोमा कार्यालयले बजेट प्रतिफल प्राप्त नहुने किसिमले खर्च गरेकोमा खर्च गर्ने सम्बन्धित नै जिम्मेवार हुनुपर्दछ ।

५६ **औषधी खरिद औषधी खरिद तथा व्यवस्थापनः**

: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष बोलपत्र र सोझै खरिद मार्फत देहायको औषधि खरिद गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

| भौ.नं. | योजना | आपुर्तिकर्ता | भुक्तानी रु | खरिद विधि | कै |
|---|---|---|---|---|---|
| १८।२०८१।७।८ | औषधी खरिद | युनिग्लब हेल्थकेयर प्रा.लि | १९९८८७ | सोझै | बिजकमा ब्याज नं रएक्प्यारी मिति नखुलेको |
| ३५।२०८१।८।१० | औषधीखरिद | फार्मेसीमेड्स प्रा.लि | २३६१०० | सोझै | |
| १०८।२०८२।३।१५ | औषधीखरिद | युनिग्लबहेल्थकेयर प्रा.लि | २०४७०३५ | बोलपत्र | |
| जम्मा | | | २४८३०२२ | | |

आपूर्ति भएका औषधी स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको प्राविधिकबाट जाँच गरी नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधिको आवश्यक्ता निर्धारण गर्दा विगतको विरामी संख्या, नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधि, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेत यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नु पर्नेमा तथ्यांङ्क वेगर पटके रुपमा खरिद गर्ने, खरिद गरेका औषधि छोटो समय मै खर्च देखाउने, औषधिको ब्याच नंबर, म्याद समाप्त हुने मिति नखुलाई खरिद र भुक्तानी गरेकोले यस्तो भुक्तानी पारदर्शि र प्रतिस्पर्धि हुने सकेको देखिएन । स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्च गरी औषधिको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ । पालिकाबाट औषधी वितरणको अनुगमन समेत गर्नुपर्दछ । औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए/नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५७ **अध्ययन विदाः**

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१०६,३८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५८ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । साथै दफा ३ मा आन्तरिक लेखापरीकले औल्याएका कैफियत सम्बन्धि अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै समपरीक्षण गराउनुपर्नेछ भनी उल्लेख छ । आन्तरिक लेखापरीक्षकबाट औल्याएका व्यहोरा देहायबमोजिम छन् ।

५८.१ **पालिकाको जे.सी.बी. को आम्दानीः** गाउँपालिकासँग खरिद गरेको १ एउटा एक्जाभेटर जे सि वि रहेको र उक्त जे सी बी बाट पालिकालाई कुनै पनि आम्दानी गरेको छैन । पालिकाले उक्त जे सि बी राजमार्गमा तथा पालिका अन्तर्गतका शाखा सडकहरुको पहिरो पन्छाउने कार्यमा प्रयोग भएको जानकारी प्राप्त भएको छ । उक्त जे सि बी सञ्चालनका लागि ईन्धनबापत रु ३,५१,७५० र मर्मत बापत रु ७,१२००० १ जना हेल्फर र एक जना अपरेटर गरी २ जनाको तलव भत्ता रु ५,६९,६०० गरी जम्मा रु १६,३३,३५० खर्च भएको छ । जे सि बि को प्रयोग राजमार्ग र पालिका अन्तर्गतको पहिरो पन्छाउने काम तथा अन्य के - के काममा प्रयोग भएको हो सोको विवरण पेश गर्नु पर्दछ ।

५८.२

**ज्येष्ठ नागरिक सम्मान तथा असल अभ्यास कार्यक्रमः** ज्येष्ठ नागरिक सम्मान तथा असल अभ्यास भ्रमण कार्यक्रम अन्तर्गत पालिकाबाट महिला विकास शाखाको आयोजनामा मिति २०८१/१२/१८ गते देखी २० गते सम्म ज्येष्ठ नागरिक भ्रमणमा ६१ जनाको उपस्थितिमा बुटवल, पाल्पा, रिडी हुँदै बागलुङसम्म तीन दिनको भ्रमण अवधिमा रु ५००,००० खर्च गरेको देखिएको छ ।उक्त भ्रमण पश्चात सिकेकाको सिकाईलाई आधार मानि पालिकाको आगामी योजना बनाउँदा अवलम्वन गर्नेपर्ने सुझाब सहितको प्रतिवेदन पेश गर्नुपर्नेमा सो प्रतिवेदन पेश गरेको पाइएन । आगामी दिनहरुमा पालिकाले यस्ता प्रकृतिका अनुत्पादक र औचित्यहिन खर्चलाई नियन्त्रण गरी पालिकाले मितव्ययिता अपनाउनुपर्ने देखिन्छ ।

५८.३ **आर्थिक सहायता प्रदानः** भौ.नं ८०७ गा.पा. चालु गजुरी गाउँपालिका वडा नं. १ स्थित गजुरी सामुदायिक विकास समाजको तर्फबाट मिति २०८१ कात्तिक १२ देखी १७ सम्म आयोजना सुमन स्मृति खुला फुटवल प्रतियोगितामा खेलाडीहरुको खाना खाजा लागयत विविध खर्चबापत रु ४०००० गा.पा. उपाध्यक्षसंगको शिर्षकबाट रकम भूक्तानी भएको र यस्ता प्रकृतिका अनुदान तथा सहयोग रकम दिँदा कार्यालयले आवश्यक मापदण्ड बनाई मापदण्डका आधारमा खर्च लेख्नुपर्छ ।

५८.४ **अतिरिक्त कक्षा संचालनः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५८.५ **बढि भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५८.६ **पाइप तथा ग्याबिन जाली वितरणः** पालिकाले मिति २०८१।६।११ देखि १३ सम्म अविरल बर्षातका कारण पालिकाभित्रको सबै क्षेत्रमा विपद प्रभावितहरुलाई आवश्यकता बमोजिम प्राविधिक स्टीमेट आधारमा सिमेन्ट ग्याविन जाली र पाइप खरिद गरी भौचर नम्बर १६ बाट श्री जय सनसाइन प्रा.ली लाई रु. ४७११५३ भुक्तानी दिएको देखिन्छ। खरिद गरिएका उक्त सामाग्री के कति कसलाई वितरण गरियो र सो प्रयोग गरे नगरेको प्राविधिक प्रतिवेदन समेत पेश नभएकोले प्राविधिक प्रतिवेदन सहित वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,७१,१५३ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : गजुरी गाउँपालिका, धादिङ , गजुरी गाउँपालिका , धादिङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राजु अधिकारी | २०७९-१०-१८ | २०८१-८-१२ |
| लेखा प्रमुख | अमृत प्रसाद पौडेल | २०७६-१-४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९२,२३९ | १३,०९६,८८५ | २८,०९१,०५५ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ४१,२८०,१७९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २,०१७,०४४ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३९,२६३,१३५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ३४९३२७७४ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३२९३५६७८३ | चालु खर्च | ३८९८११७७१ |
| प्रदेश सरकारबाट अनुदान | ५६७७२००० | पूँजीगत खर्च | १०९६६१२८२ |
| राजश्व बाँडफाँट | १२३७२३०६१ | वित्तीय/अन्य व्यवस्था | १६०१६८०५३ |
| आन्तरिक आय | १९७४४४०० | | |
| अन्य आय | १४०७३३१२४ | | |
| कुल आय | ६७०३२९३६८ | कुल खर्च | ६५९६४११०६ |
| बाँकी मौज्दात | | ४५६२१०३६ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को रु. | गत आ.ब.को रु. |
|---|---|---|---|
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | १२७६४६८१० | १०४४१२७७२ |
| १३००० | अनुदान | ३६३६९७७४५ | ३८६५४९३८९ |
| १४००० | अन्य राजस्व | १५७७२१३५ | ३८८७२६९५ |
| क | कुल जम्मा प्राप्ति | ५०७११६६९० | ५२९८३४८५५ |
| ३ | चालु | ३८९८११७७१ | ३९४८८५७७८ |
| २१००० | पारिश्रमिक / सुविधा | २१९४५९९५४ | ६६०८०६४१ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १६६०३२०७५ | ३२०८५१३९७ |
| २५००० | सहायता (Subsidy) | ९७००० | ० |
| २७००० | सामाजिक सुरक्षा | ४५१४९० | ६३२५६९२ |
| २८००० | अन्य खर्च | ३७७१२५२ | १६२८०४८ |
| ४ | पूंजीगत | १०९६६१२८२ | १४९८५२१७४ |
| ३१११० | भवन तथा संरचना | ३११३८२२ | ३७६८२४१३ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १००५२१६ | १४२९२१८ |
| ३११५० | सार्वजनिक निर्माण | १०५५४२२४४ | ११०७४०५४३ |
| ख) | कुल जम्मा भुक्तानी | ४९९४७३०५३ | ५४४७३७९५२ |
| ग) | बचत /कमी (ग = क-ख ) | ७६४३६३७ | -१४९०३०९७ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | २९९६११० | -९३०१८१७ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | -१६५० | -१८९९० |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | १०६३९७४७ | -२४२०४९१३ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ३४९६२३०० | ५९१६७२१३ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ४५६०२०४६ | ३४९६२३०० |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।